# विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८०

स्वीकृत मितिः २०८०।१२।१९

## मादी नगरपालिका
## सङ्खुवासभा

प्रस्तावनाः

मादी नगरपालिका क्षेत्रभित्र अव्यवस्थित बसाईंसराई, जंगलको फडानी तथा अतिक्रमण, परम्परागत कृषि प्रणाली, जनसंख्याको वढ्दो चाप, अव्यवस्थित सडक निर्माण तथा आम मानिसमा जनचेतनाको कमीका कारण आगलागी, वाढी, पहिरो, महामारी, झाडापखाला, भोकमरी, भुकम्प जस्ता प्राकृतिक विपत्तिमा परि धेरै मानिसहरुको मृत्यु हुने गरेको छ। प्राकृतिक विपदवाट जीउ ज्यान तथा धन सम्पत्तिको क्षति हुन्छ। साथै भौतिक संरचनामा क्षति हुनाले यस नगरपालिकाको आर्थिक, सामाजिक विकासमा समेत नकारात्मक प्रभाव पर्न जान्छ।

यस्ता आर्थिक सामाजिक मानविय तथा भौतिक संरचनाहरुको क्षतिलाई न्यूनिकरण गर्ने हेतुले नेपालको संविधानको अनुसुची ८ मा दिएको एकल अधिकार तथा स्थानीय सरकार संचालन ऐन २०७५ को दफा ११ को उपदफा (२) खण्ड (न) को (छ) तथा मादी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमन गर्ने ऐन २०७५ को दफा ४ वमोजिम विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०८० तयार गरी यस मादी नगरपालिकाले लागु गरेको छ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०८०" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकावाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्यविधि" भन्नाले विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०८० भन्ने वुझ्नुपर्छ।

ख) "कोष" भन्नाले विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कोष भन्ने वुझ्नुपर्छ।

ग) "व्यवस्थापन" भन्नाले विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन समिति वुझ्नुपर्छ।

घ) "कार्यपालिका" भन्नाले मादी नगर पालिकाको कार्यपालिका भन्ने वुझ्नुपर्छ।

ङ) "विपद" भन्नाले प्राकृतिक तथा मानवीय विपदलाई सम्झनुपर्छ।

च) "प्रभावित व्यक्ति" भन्नाले विपदको घटनावाट परिवारका सदस्य गुमाएको, शारीरिक वा मानसिक समस्या उत्पन्न भएको, घर जग्गा जमिन, पशुपन्छी, खाद्यान्न, लत्ता कपडा तथा अन्य सम्पत्तिमा आंशिक वा पूर्णरुपमा नोक्सानी पुगेको वा विपदका कारण अन्य कुनै तरिकावाट प्रभावित भएको व्यक्तिलाई सम्झनुपर्छ।

छ) "राहत" भन्नाले विपद प्रभावित व्यक्तिलाई उपलव्ध गराईने नगद तथा वस्तुगत सहायता सामग्री समेत सम्झनुपर्छ।

ज) "अध्यक्ष" भन्नाले विपद व्यवस्थापन समितिको अध्यक्ष सम्झनुपर्छ।

## परिच्छेद-२
## कोषको अवधारणा, स्थापना, लक्ष्य र उद्देश्य

३. **कोषको अवधारणाः** मादी नगरपालिकामा हुने सवै प्रकारका प्राकृतिक तथा मानव सृजित विपद तथा प्रकोपवाट प्रभावित व्यक्ति, परिवार, संघसंस्थाको संख्यामा कमी ल्याउन तथा आम जनमानसमा प्राकृतिक विपद वारे सचेतना अभिवृद्धि गर्दै विपदवाट हताहत हुनेको संख्या न्यूनिकरण गर्न, पिडित परिवारको पहिचान गरि राहत सहयोग पुर्याउनु नै कोषको अवधारणा हुनेछ।

४. **कोषको स्थापनाः** (१) स्थानीय स्तरमा उत्पन्न भएको वा हुन सक्ने विपदको जोखिम न्यूनिकरण तथा व्यवस्थापन कार्य नगरस्तरवाटै सञ्चालन गर्नका लागि "विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कोष" नाम गरेको एक कोषको स्थपना हुनेछ ।

(२) कोषको आय रकम संकलन तथा व्यय रकम परिचालन गर्नका लागि नगरपालिकाको सञ्चित कोष रहेको वित्तिय संस्थामा एक छुट्टै खाता खोलिनेछ ।

५. **कोषको कार्यालयः** कोषको कार्यालय नगर कार्यपालिकाको कार्यालयमा रहने छ ।

६. **लक्ष्यः** प्राकृतिक तथा मानव सृजित विपदको प्रकोपमा परेका व्यक्ति, परिवार, संघसंस्थाहरुलाई राहत तथा पुनःस्थापनामा सहयोग पुर्‍याउने, विपत जोखिम व्यवस्थापन क्रियाकलापको पहिचान तथा प्राथमिकीकरण गर्दै विपद व्यवस्थापनको क्षमतामा अभिवृद्धि गरि मानवीय तथा भौतिक क्षतिमा कमी ल्याउनु यस कोषको लक्ष्य रहेको छ ।

७. **उद्धेश्यः** (१) स्थानीय स्तरमा हुने विपद पिडितको उद्धार तथा पुनःस्थपनाका लागि जिल्ला, प्रदेश तथा संघ स्थित सबै कार्यालय संघसंस्था वीच समन्वय गर्नुका साथै जनसहभागिता जुटाउन पहल गर्ने,

(२) विपदका दृष्टिकोणले नगरपालिकाको जोखिमपूर्ण क्षेत्रहरुको पहिचान गरि विपद रोकथाम तथा विपद जोखिम व्यवस्थापनका लागि भौतिक तथा सचेतनामूलक कार्यक्रम गर्ने,

(३) विपदवाट हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्न नीतिगत तथा संस्थागत सुधार गर्ने,

(४) विपद पिडितको अधारभूत आवश्यकताको परिपूर्तिका लागि मुल्यांकनका आधारमा तत्काल राहत उपलव्ध गराई सहयोग गर्ने,

(५) भवन तथा पूर्वाधार निर्माण कार्य प्रारम्भ गर्दा वातावरण मैत्री तथा भवन आचार संहिता वमोजिम गर्ने गराउने,

(६) सङ्घीय सरकारको स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ द्वारा निर्देशित विपद जोखिम व्यवस्थापन योजना तर्जुमामा जोड दिने,

(७) विपदबाट हुन सक्ने मानवीय तथा भौतिक क्षतिको न्यूनिकरणका लागि नगरपालिकाको क्षमता विकास गर्ने,

(८) विपद व्यवस्थापनको क्षेत्रमा काम गर्ने सवै निकायहरुका वीच समन्वय गर्ने,

(९) विपदवाट पिडित व्यक्ति, परिवारहरुलाई तत्काल उद्धार तथा राहत सहयोगका लागि रकमको व्यवस्था गर्ने,

(१०) विपद व्यवस्थापन, वातावरण संरक्षण, भवन निर्माण व्यवस्थापन सम्वन्धमा प्रचलित कनुन वमोजिम गर्ने गराउने ।

## परिच्छेद-३
## कोषको व्यवस्थापन तथा संचालन सम्वन्धी व्यवस्था

८. **कोषको व्यवस्थापन तथा संचालन सम्वन्धी व्यवस्थाः** (१) कोषको लक्ष्य तथा उद्धेश्यहरु प्राप्तिका लागि देहाय वमोजिमको व्यवस्थापन समिति गठन हुनेछः-

| | |
|---|---|
| (क) नगर प्रमुख | अध्यक्ष |
| (ख) नगर उपप्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | सदस्य |
| (घ) नेपाल प्रहरी, नेपाली सेना तथा सशस्त्र प्रहरीका स्थानीय प्रमुख | सदस्य |
| (ङ) वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक | सदस्य |
| (च) नेपाल रेडक्रस सोसाईटी मादी नगरका शाखा सभापति | सदस्य |
| (छ) प्रशासन शाखा प्रमुख | सदस्य |
| (ज) विपद फोकल पर्सन | सदस्य सचिव |

(२) व्यवस्थापन समितिको वैठक न्यूनतम वर्षमा ३ पटक बस्ने छ।

(३) वैठकको आह्वान समितिको अध्यक्षले गर्नेछ भने सदस्य सचिवले वैठक चलाउने छ।

(४) आवश्यकता अनुसार व्यवस्थापन समितिको वैठक जुनसुकै समयमा पनि वोलाउन सकिनेछ।

(५) व्यवस्थापन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तिमा ५० प्रतिशत सदस्य उपस्थित भएमा वैठकको गणपुरक संख्या पुरा भएको मानिनेछ।

(६) तत्काल राहत उपलव्ध गराउन परेमा अध्यक्षवाट राहत उपलव्ध गराई समितिको वैठकवाट अनुमोदन गराउनु पर्नेछ।

(७) वैठकको निर्णय अध्यक्ष द्वारा प्रमाणित गर्नुपर्नेछ।

९. **समितिको काम, कर्तव्य र अधिकारः** विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(१) विपद व्यवस्थापनका लागि आर्थिक श्रोत जुटाउने,

(२) कोषको वार्षिक योजना तर्जुमा गरि नगरसभामा पेश गर्ने,

(३) विपद सम्वन्धी चेतनामुलक कार्यक्रम संचालन गर्ने,

(४) विपदवाट पिडित व्यक्ति, परिवार र संघसंस्थालाई तत्काल राहत उपलव्ध गराउने,

(५) विपदवाट पिडितका लागि पुनःस्थापनाको व्यवस्था गर्ने,

(६) वार्षिक योजना तथा कार्यक्रम संचालन गर्दा वातावरण मैत्री वनाउन समन्वयकारी भुमिका निर्वाह गर्ने,

(७) विकास प्रकृयामा विपद जोखिम न्यूनिकरणलाई मुल प्रवाहिकरण गर्ने,

(८) कोषको कार्यहरुको अनुगमन, सुपरिवेक्षण तथा प्रगति समिक्षा गर्ने,

(९) स्थानीय तहका विपद जोखिम व्यवस्थापन सम्वन्धी योजनाहरुको तर्जुमा र कार्यान्वयन गराउदै विपद जोखिम व्यवस्थापनलाई संस्थागत गरी विपद उत्थानशिल समाज निर्माण गर्ने।

१०. **अध्यक्षको काम, कर्तव्य र अधिकारः** अध्यक्षको काम, कर्तव्य र अधिकार तपशिल अनुसार हुनेछः-

(क) वैठकको अध्यक्षता गर्ने,

(ख) वैठक वोलाउन सचिवलाई निर्देशन दिने,

(ग) वैठकमा प्रतिवेदन पेश गर्ने, प्रस्ताव पेश गर्ने गराउने,

(घ) समितिका सदस्यहरुलाई कामको वाँडफाँड गर्ने तथा कामको आवश्यक समन्वय गर्ने,

(ङ) कोषको वित्तिय स्रोत जुटाउने र परिचालन गर्ने गराउने,

(च) कोषको निर्णयहरु सार्वजनिक गरी पारदर्शिता कायम गराउने,

(छ) कोषको वैठक सहभागितात्मक रुपमा गराउने,

(ज) कोषको तर्फवाट अन्य निकायमा प्रतिनिधित्व गर्ने गराउने,

(झ) कोषको तर्फवाट अन्य निकाय, संघ संस्थासँग सम्झौता गर्नुपर्ने भए गर्ने गराउने,

(ञ) कोषको योजना तर्जुमा तथा सो को स्वीकृति गर्न गराउन आवश्यक कार्वाही गर्ने गराउने,

(ट) कोषको कामको अनुगमन मुल्याङ्कन गर्ने गराउने।

११. **सदस्य सचिवको काम, कर्तव्य र अधिकारः** कोषको सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) अध्यक्षको निर्देशानुसार वैठक वोलाउने, अध्यक्षसँगको सल्लाहमा छलफलका विषयवस्तुहरु तयार गरी निर्णयार्थ वैठकमा पेश गर्ने,

(ख) वैठकको निर्णय लेख्ने, कोषको सवै कागजातहरु जिम्मा लिने,

(ग) कोषसँग सम्वन्धित सूचना, तथ्याङ्क तथा अभिलेख अध्यावधिक गर्ने,

(घ) अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने,

(ङ) कोषको प्रशासनिक तथा अन्य दैनिक कार्यहरु गर्ने,

(च) कोषको कार्यक्रम तर्जुमा स्वीकृति र कार्यान्वयन गर्न आवश्यक कार्वाही गर्ने,

(छ) कार्यक्रमहरुको अनुगमन गर्ने गराउने,

(ज) कोषको चलअचल सम्पत्तिको संरक्षण गर्ने गराउने।

## परिच्छेद-४
## आर्थिक तथा प्रशासनिक व्यवस्था

१२. **कोषको वित्तिय व्यवस्थापनः** (१) कोषमा देहायका रकमहरु रहने छनः-

(क) नगरसभावाट विपद व्यवस्थापन कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

(ख) दातृ निकाय, परियोजना, सरकारी तथा गैर सरकारी संस्थावाट प्राप्त हुने रकम,

(ग) कोषलाई सेवा शुल्कवाट प्राप्त हुने रकम,

(घ) कोषलाई अन्य विभिन्न स्रोतहरुवाट प्राप्त हुने रकम,

(ङ) सङ्घीय सरकार, प्रदेश सरकारवाट प्राप्त अनुदान सहयोग हुने रकम,

(२) कोषको लेखापरिक्षण प्रचलित कनुन वमोजिम हुनेछ।

१३. **कोषको आर्थिक व्यवस्थाः** कोषको आर्थिक व्यवस्था यस कार्यविधिमा तोकिए वमोजिम र अन्य कुराको हकमा स्थानीय तहको आर्थिक प्रशासन सम्वन्धी प्रचलित कानुन वमोजिम हुनेछ।

१४. **वर्जित गरिएको बारेः** कोषमा जुन प्रयोजनको लागि रकम प्राप्त भएको हो सो प्रयोजन वाहेक अन्य कार्यमा रकम खर्च गर्न वर्जित गरिएको छ।

१५.**कार्यक्रम संचालन सम्वन्धी खर्च व्यवस्थाः** (१) कोषवाट संचालन हुने कार्यक्रमहरु कोषले आफैं वा अन्य सरकारी तथा गैरसरकारी निकायसँग मिलेर संचालन गर्न सक्नेछ,

(२) समितिले आफ्नो कार्यक्रम गैर सरकारी संघ संस्थाहरुको प्राविधिक सहयोगवाट संचालन गराउन सक्नेछ।

(३) नगरपालिका भित्र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विपद व्यवस्थापन सम्वन्धी कार्यक्रमहरु अन्य कुनै निकायद्वारा संचालन गरिन्छ भने उक्त कार्यक्रम संचालनको लागि नगरपालिकासँग समन्वय गर्नुपर्नेछ।

१६. **राहत तथा उद्धार कार्य संचालन सम्वन्धी व्यवस्थाः** नगरपालिकाका कुनै पनि वडा तथा स्थानमा विपद आईपरेको अवस्थामा देहाय वमोजिमको व्यवस्थापन गरिनेः-

(क) विपद प्रभावित स्थानको पहिचान भई तत्काल उद्धारको व्यवस्था गरिनेछ,

(ख) उद्धार पछि विपद प्रभावित व्यक्ति, परिवार तथा संघ संस्थाहरुको वर्गिकरण गरी वडा कार्यालय मार्फत लगत राख्ने,

(ग) वडा समितिको वैठकद्वारा विपद प्रभावितहरुको सर्जमिन मुचुल्का गराई राहत अनुदानका लागि वातावरण तथा विपद व्यवस्थापन समितिमा सिफारिस गर्ने,

(घ) वातावरण तथा विपद व्यवस्थापन समितिवाट विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन समिति समक्ष राहत वितरणको लागि सिफारिस गर्ने,

(ङ) यस खण्डमा जेसुकै लेखिएको भएता पनि यस सम्वन्धमा नगर कार्यपालिकाको निर्णय अन्तिम मानिनेछ।

१७. **विपद प्रभावित वर्गिकरणः-** नगरपालिकामा आईपर्ने विपदवाट प्रभावितहरुको वर्गिकरण देहाय वमोजिम हुनेछः-

(क) प्रभावितः प्राकृतिक वा मानव सृजित विपद जस्तैः- भुकम्प, वाढिपहिरो,आगलागी, महामारी आदिवाट सामान्य क्षति भएका व्यक्ति, परिवार तथा संघ संस्थाहरु,

(ख) आंशिक प्रभावितः प्राकृतिक वा मानव सृजित विपदवाट प्रभावित भएका जस्तैः-घरमा सामान्य क्षति भएका तर वस्न लायक, वाढिपहिरोले खेतवारी सामान्य क्षति पुर्याएका, आगलागी भई घर तथा मानवजन, चौपाया, पशुपंक्षीमा सामान्य भौतिक क्षति भएका, महामारीका कारण मानव तथा पशुपन्छी चौपायामा सामान्य क्षति भएका,

(ग) अति प्रभावितः प्राकृतिक वा मानव सृजित विपदवाट प्रभावित भई जनधनको क्षति व्यहोरेका परिवारका सदस्यको मृत्यु भएका, वसोवास गर्ने घर एवं अन्य भौतिक पूर्वाधार नष्ट भएका, अङ्ग भङ्ग भई जिविकोपार्जनका लागि अन्य माथि आश्रित हुन पुगेका ।

१८. **राहत वितरण व्यवस्थापन सम्वन्धीः** (१) विपद प्रभावित क्षेत्र रहेको सम्वन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई दफा १७ को (क) वमोजिम वर्गिकरणमा परेकाहरुलाई नगर प्रमुखको तोक आदेश अनुसार रुपैंया पाँचहजार देखि दश हजार सम्म राहत उपलव्ध गराउने,

(२) विपद प्रभावित क्षेत्र रहेको सम्वन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई दफा १७ को (ख) वमोजिम वर्गिकरणमा परेकाहरुलाई प्रति परिवार रुपैंया पाँचहजार देखि बीस हजार सम्म राहत उपलव्ध गराउने,

(३) विपद प्रभावित क्षेत्र रहेको सम्वन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई दफा १७ को (ग) वमोजिम वर्गिकरणमा परेकाहरुलाई देहाय वमोजिम राहत उपलव्ध गराउने,

(क) परिवारका सदस्यहरु मृत्यु भएमा प्रति व्यक्ति रु. एकलाख दिन सकिने,

(ख) घरवार विहिन भएका परिवारलाई प्रति परिवार रु पचासहजार देखि एकलाख सम्म दिन सकिने,

(ग) अङ्ग भङ्ग भएका परिवारलाई प्रति व्यक्ति रु पच्चिसहजार देखि पचासहजार सम्म दिन सकिने,

(घ) शारीरिक रुपमा घाईते भई उपचाररत अवस्थामा रहेका प्रति व्यक्ति रु. दशहजार देखि वढिमा रु. पच्चीसहजार सम्म दिन सकिने,

(ङ) अति प्रभावित सिफारिसमा परेका संघ संस्थाहरुको हकमा महिला वालवालिका तथा जेष्ठ नागरिक सम्वन्धि काम गर्ने संस्थालाई मर्मत सम्भार तर्फ रु वीसहजार तथा अन्य संस्थाहरुलाई रु. दशहजार दिन सकिने ।

(च) घरवार विहिन परिवारलाई माथि उल्लेखित नगद वाहेक अनुसूची-१ वमोजिम आधारभूत आवश्यकताका जिन्सी सामग्री अनिवार्य रुपमा दिईनेछ ।

१९. **वडा स्तरीय विपद प्रभावित पहिचान समितिः** वडा स्तरीय विपद पहिचान समिति देहाय वमोजिम हुनेछः

| | |
|---|---|
| (क) वडा अध्यक्ष | संयोजक |
| (ख) वडा सदस्यहरु | सदस्य |
| (ग) सम्बन्धित वडामा रहेका सुरक्षा निकायका प्रमुख | सदस्य |
| (घ) सम्बन्धित वडामा रहेका स्वास्थ्य संस्थाका प्रमुख | सदस्य |
| (ङ) सम्वन्धित वडाको लागि तोकेको प्राबिधिक कर्मचारी | सदस्य |
| (च) वडा सचिव | सदस्य सचिव |

## परिच्छेद-५
## बिबिध

**२०. कोषवाट कार्यक्रम संचालन गर्नुपर्नेः** नगर कार्यपालिकाको कार्यालय, नगर कार्यपालिका र यस अन्तर्गतका समिति वा उपसमितिवाट विपद सम्वन्धी कार्यक्रम संचालन गर्दा यस कोषवाट मात्र संचालन गरिनेछन् ।

२१. **जाँचपास तथा फरफारकः** कोषवाट संचालन गरिने कार्यक्रमको जाँचपास तथा फरफारक प्रचलित कानुन वमोजिम हुनेछ ।

२२. **नगरपालिका विकास योजनामा समावेश गर्नेः** कोषवाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरु नगरपालिकाको विकास योजनामा समावेश गर्नुपर्नेछ ।

**२३. कार्यविधिको संशोधनः** यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**२४. बचाउ र खारेजीः** (१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको अर्थिक प्रशासन सम्वन्धी प्रचलित कानुनसँग वाझिन गएमा वाझिएको हकमा स्वतः खारेज भएको मानिनेछ,

(२) कुनै कारणवाट कोष संचालन हुन नसकेमा नगर कार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ,

(३) कोष खारेज भएमा कोषमा रहेको चलअचल सम्पत्ति तथा दायित्व नगर कार्यपालिकामा स्वतः सर्नेछ,

(४) यस कार्यविधिमा माथि जुनसुकै कुरा उल्लेख भएपनि यस कार्यविधि लागु हुनु भन्दा अगाडि मिति २०७४ साउन १ गते देखि नै गरिएका विपद सम्वन्धि राहत वितरण यसै कार्यविधि वमोजिम भएको मानिनेछ ।

अनुसूची-१

विपदमा परि घरवार विहिन परिवारलाई तत्काल दिन सकिने जिन्सी सामग्रीको विवरणः-

| क्र.सं. | जिन्सी सामग्रीको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १ | भाँडा वर्तन कुकर | १ थान | |
| २ | थाल स्टील | ४ थान | |
| ३ | वटुको स्टील | ४ थान | |
| ४ | कराई | १ थान | |
| ५ | चामल | ५० के.जी. | |
| ६ | दाल | २ के.जी. | |
| ७ | खाने तेल | ५ लिटर | |
| ८ | चिनी | २ के.जी. | |
| ९ | चिया | १ पावा | |
| १० | नुन | २ के.जी. | |
| ११ | सावुन लुगाधुने र नुहाउने | ५/५ गोटा | |
| १२ | सिरक,डसना,सिरानी,तन्ना | १/१ थान | |
| १३ | त्रिपाल १२*१८ | १ थान | |
| १४ | गिलास स्टील | ४ थान | |
| १५ | डाडु पन्यू | १/१ थान | |